## कानेपोखरी गाउँपालिकाको वन व्यवस्थापन तथा संरक्षण गर्न बनेको ऐन, २०७८

सम्वत्, २०७८ सालको ऐन नं .३

गाउँसभाबाट स्वीकृत मितिः २०७८/०३/१३
प्रमाणीकरण मितिः २०७८/०३/२८

**प्रस्तावनाः** वन व्यवस्थापन पद्धतिका माध्यमबाट गाउँपालिका क्षेत्रभित्र रहेका वनको संरक्षण, व्यवस्थापन र सुदृढीकरण गरी सम्वृद्धिमा योगदान पुऱ्याउन नेपालको संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा रहेका अधिकारको व्यवस्था गर्न तथा संघीय वन ऐन र प्रदेश वन ऐन समेतलाई दृष्टिगत गरी स्थानीय स्तरमा आवश्यक कानूनको व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) बमोजिम यो ऐन कानेपोखरी गाउँपालिकाको गाउँसभाले पारित गरी लागू गरेको छ।

### परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वन व्यवस्थापन तथा संरक्षण ऐन, २०७८" रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अध्यक्ष" भन्नाले कानेपोखरी गाउँपालिका अध्यक्षलाई जनाउँदछ।

(ख) " उपाध्यक्ष" भन्नाले कानेपोखरी गाउँपालिका उपाध्यक्षलाई जनाउँदछ।

(ग) "उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र सदुपयोग गर्नका संघीय र प्रदेश वन ऐन बमोजिम गठन भएको उपभोक्ता समूहलाई जनाउँछ।

(घ) "गाउँपालिका" भन्नाले कानेपोखरी गाउँपालिकालाई जनाउँछ।

(ङ) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुको प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई जनाउँछ।

(च) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरुको एक बासस्थानबाट अर्को बासस्थानमा आवत-जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई जनाउँछ।

(छ) "पारिवारिक निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई जनाउँछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कानेपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(झ) "राष्ट्रिय वन" भन्नाले पारिवारिक निजी वन बाहेक वन सीमाना भित्र लगाइएका राष्ट्रिय वन क्षेत्र भनी तोकिएका वनलाई जनाउँदछ र सो शब्दले वनले घेरिएको वा वनसँग जोडिएको वा वनको छेउछाउँमा रहेको पर्ती, वा ऐलानी जग्गा तथा वन भित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ।

(ञ) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्र भनी सम्झनु पर्दछ।

(ट) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई जनाउँछः

(१) काष्ठ जन्य वन पैदावार,

(२) जडिबुटी र गैरकाष्ठ वन पैदावार वा

(३) चट्टान, माटो, नदीजन्य र खनिजजन्य पदार्थ।

(ठ) "वन सीमाना चिन्ह" भन्नाले राष्ट्रिय वन  वा प्रादेशिक वनको सीमाना छुट्टयाउन लगाइएका काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुका खम्वा वा चिन्हपटलाई जनाउँदछ र सो शव्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह समेतलाई जनाउँदछ ।

(ड) "व्यवस्थापन योजना" भन्नाले वातावरणीय सन्तुलत कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको र यस ऐन बमोजिम स्वीकृत वन सम्वन्धी कार्य योजना सम्झनु पर्दछ ।

(ढ) "वन अधिकार संरक्षण परिषद्" भन्नाले यस ऐनको दफा ४८ बमोजिम गठित वन समिति परिषदलाई जनाउँछ ।

(ण) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई जनाउँछः

(१) कार्वन सेवा,

(२) जैविक विविधताको संरक्षण,

(३) जलाधार तथा जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) वातावरणीय सेवा प्रदान गर्ने अन्य वस्तु, सेवा वा लाभ ।

(त) "सामुदायिक वन" भन्नाले यस ऐन बमोजिम उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको वनलाई जनाउँदछ ।

(थ) "सार्वजनिक जग्गा" भन्नाले जग्गा नापजाँच सम्बन्धी कानून र वनसम्बन्धी संघीय कानूनमा परिभाषित गरिएको सार्वजनिक जग्गालाई जनाउँदछ ।

(द) "स्थानीय सरकार" भन्नाले कानेपोखरी गाउँ कार्यपालिकालाई जनाउँदछ ।

(ध) "स्थानीय तह" भन्नाले कानेपोखरी गाउँपालिकालाई जनाउँछ ।

## परिच्छेद-२

## वनको सीमा निर्धारण, लगत कट्टा र साझेदारी सम्बन्धी व्यवस्था

३. **वनको सीमाना निर्धारणः** (१) नेपाल सरकारले राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको सीमा निर्धारण नगरे सम्म यस अघि प्रचलित कानून बमोजिम निर्धारण गरिएको वन सीमाना नै यस ऐन बमोजिमको वनको सीमाना हुनेछ ।

(२) नेपाल सरकारको स्वीकृति लिई प्रदेश सरकारको अनुमतिमा वन क्षेत्र भित्र रहेको वा वनको सीमानासँग जोडिएको सार्वजनिक जग्गा वा सो जग्गामा बनेको घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचना समेत वनको सीमाना भित्र पारी डिभिजनल वन अधिकृतले गाउँपालिकाको सहमतिमा नापी कार्यालयको आवश्यक सहयोग लिई छुट्टयाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम वन क्षेत्रको सीमाना छुट्टयाउन गाउँपालिकाले नेपाल सरकार, प्रदेश सरकार वा डिभिजन वन कार्यालयलाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

(४) वनको सीमा छुट्टयाउने वा जग्गा प्राप्त गर्ने सम्बन्धी सार्वजनिक सूचनाको टाँस यस गाउँपालिका क्षेत्र भित्र समेत गर्न गाउँपालिकाले सहयोग गर्नुपर्नेछ ।

४. **निजी जग्गाको लगत काट्ने:** (१) राष्ट्रिय वन वा अन्तर प्रादेशिक वनको सीमा निर्धारण गर्दा वन क्षेत्र भित्र पारिएका व्यक्तिको नीजि जग्गा र सो जग्गामा बनेको घर, छाप्रो, टहरो, रुख र खडा अन्नवाली वा अन्य भौतिक संरचना समेत जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त गरी सोको मुआब्जा वा क्षतिपूर्ति सम्बन्धित जग्गावालालाई दिएपछि वा राष्ट्रिय वा अन्तर प्रादेशिक वनभित्रको जग्गा गैरकानूनी रुपमा दर्ता गरिएकोमा त्यस्तो दर्ता बदर भएको जग्गा समेतको क्षेत्रफल, कित्ता नम्बर तथा सीमाना सम्बन्धी विवरण खोली डिभिजनल वन अधिकृतले गाउँपालिकामा लगत कट्टाको लागि लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सात दिन भित्र गाउँपालिकाले सो जग्गाको लगत कट्टा गरी सो को जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

५. **बिक्री डिपोको व्यवस्थापनः** (१) संघीय र प्रदेश सरकारले गाउँपालिका भित्र रहेका सामुदायिक वन वा साझेदारी वन वा प्रादेशिक वनका वन पैदावर (काठ र दाउरा) बिक्री वितरणका लागि बिक्री डिपो राखेमा त्यस्ता बिक्री डिपो सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

६. **अध्ययन, अनुसन्धानमा सहयोग गर्नुपर्ने:** (१) अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनी गर्ने अभिप्रायले सरकारी स्वामित्वमा रहेका अनुसन्धान गर्ने निकाय, विश्वविद्यालय वा शैक्षिक संस्थालाई वन क्षेत्र प्रयोगका लागि संघीय वा प्रदेश सरकारले अनुमति दिई सोको जानकारी गाउँपालिकालाई प्राप्त भएमा त्यस्तो अध्ययन, अनुसन्धानमा गाउँपालिकाले सहयोग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएका अध्ययन, अनुसन्धान तथा शैक्षिक प्रदर्शनीको नियमित अनुगमन र निगरानी गरी सोको विवरण संघीय, प्रदेश सरकार र डिभिजन वन कार्यालयलाई दिनुपर्नेछ ।

७. **अनुसन्धान केन्द्र तथा वनस्पति उद्यान स्थापनामा साझेदारी गर्न सकिने:** प्रदेश सरकारले दुर्लभ, लोपोन्मुख, रैथाने, संकटापन्न वनस्पतिको संरक्षण तथा जडीबुटीजन्य वनस्पततिको अध्ययन, अनुसन्धान, प्रदर्शनी, व्यवसायिक खेती प्रवर्द्धनका लागि हर्वोरियम र प्रयोगशाला सहितको जडीबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यान निर्माण कार्य गाउँपालिकासँगको साझेदारीमा गर्न चाहेमा गाउँपालिकाले त्यस्ता अनुसन्धान केन्द्र तथा वनस्पति उद्यानको स्थापना, सञ्चालन र व्यवस्थापन साझेदारीमा गर्न सक्नेछ ।

८. **साझेदारी वन सम्बन्धी व्यवस्था:** (१) प्रदेश सरकारले डिभिजनल वन अधिकृतको सिफारिसमा सरकारद्धारा व्यवस्थित वनको कुनै भागलाई गाउँपालिका र उपभोक्ता समूहसँगको साझेदारीमा व्यवस्थापन गर्न चाहेमा गाउँपालिकाले साझेदारी गर्न सक्नेछ ।

(२) गाउँपालिकाले साझेदारी मार्फत वनको विकास र व्यवस्थापन गरी स्थानीय अर्थतन्त्रमा टेवा पुर्याउन, वन क्षेत्रबाट टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई वन पैदावर आपूर्तिको व्यवस्था गर्न, वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न, खाली क्षेत्रको उपयोग गर्न, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्न र स्थानीय जनताको जीविकोपार्जनमा सुधार ल्याउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको वनको व्यवस्थापनका लागि गरिने साझेदारी कार्ययोजना डिभिजनल वन अधिकृतले तयार गर्दा गाउँपालिकाको दीर्घकालीन लक्ष्य प्राप्तिका लागि गाउँपालिकाले साझेदारीका पक्षका विषयमा वन उपभोक्ता समूह र अन्य सरोकारवालासँग परामर्श गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको साझेदारी कार्ययोजना स्वीकृत भए पश्चात लागू गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

९. **साझेदारी वनको संरक्षण र व्यवस्थापन गर्नुपर्ने:** (१) दफा ८ वमोजिम गाउँपलिकासँगको साझेदारी रहने साझेदारी वनको संरक्षण तथा व्यवस्थापनका लागि प्रदेश सरकारले गाउँपालिकासँगको समन्वयमा आवश्यक व्यवस्था गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारी वनको संरक्षण तथा व्यवस्थापनका लागि प्रदेश सरकारसँगको समन्वयमा गाउँपालिकाले प्रभावकारी वन संरक्षण र व्यवस्थापनको कार्ययोजना बनाई स्वीकृत कार्ययोजनालाई कार्यान्वयन गराउनु पर्नेछ ।

(३) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावर बिक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तीमा चालिस प्रतिशत रकम वनको विकास, संक्षरण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकममध्ये कम्तीमा पचास प्रतिशत रकम गाउँपालिकाको समन्वयमा गरिबी न्यूनीकरण,महिला सशक्तिकण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ र त्यसरी खर्च गरिने रकम गाउँपालिकाको दीर्घककालीन रणनीति पूरा हुने गरी खर्च गर्नुपर्नेछ

(४) उपदफा (३) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको क्षेत्रभित्र गाउँपालिकाले निर्माण गरेको स्वीकृत कार्ययोजना अनुसार समुदायको हितमा खर्च हुने सुनिश्चितता गाउँपालिकाले मिलाउनु पर्नेछ ।

## परिच्छेद-३
## सामुदायिक वन सम्बन्धी व्यवस्था

१०. **सामुदायिक वनको व्यवस्थापन:** (१) वनको संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावरको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी राष्ट्रिय तथा प्रादेशिक वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थित गर्न संघीय र प्रदेश वन ऐन बमोजिम गठन भएका उपभोक्ता समूहले कार्ययोजना र विधान सहित उपभोक्ता समूहले दर्ता सिफारिसका लागि गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर स्थानीय आवश्यकता र उपर्युक्तता हेरी गाउँ कार्यपालिकाको बैठकबाट दर्ता सिफारिसका गर्ने निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता समूह दर्ताका लागि सिफारिस गर्ने निर्णय भएका समूहलाई गाउँपालिकाले डिभिजनल वन कार्यालय समक्ष दर्ता सिफारिस गर्नुपर्नेछ ।

तर, गाउँ कार्यपालिकाको बैठकबाट सिफारिस नगर्ने निर्णय भएका समूहको हकमा सिफारिस गर्न गाउँपालिका बाध्य हुनेछैन् ।

(४) डिभिजनल वन अधिकृतले स्वीकृत गरेका उपभोक्ता समूहको कार्ययोजनाको एक प्रति गाउँपालिका समक्ष पठाउनु पर्नेछ ।

(५) गाउँपालिका भित्रका सामुदायिक वनमा गाउँकार्यपालिकाले तोकेको वडा अध्यक्ष वा गाउँकार्यपालिका सदस्यलाई सल्लाहकार प्रतिनिधिको रुपमा तोक्नु पर्नेछ ।

११. **कार्ययोजनामा संशोधन:** (१) उपभोक्ता समूहको चाहना र स्थानीय आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले गाउँपालिकाको परामर्शमा सामुदायिक वनको कार्ययोजना संशोधन गर्नुपर्नेछ । त्यसरी संशोधन भएका कार्ययोजना कार्यान्वयन गर्नु अगाडि डिभिजनल वन अधिकृतबाट कार्ययोजना स्वीकृत गराउनु पर्नेछ ।

१२. **सामुदायिक वनको आम्दानीको व्यवस्थापन:** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट प्रदेश ऐन बमोजिम कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको पचास प्रतिशत रकम गरिवी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास अन्तर्गत  सीपमूलक र आय आर्जनमूलक तालिम सञ्चालन गर्नुपर्ने र त्यसरी रकम खर्च गर्दा उपभोक्ता समूहले गाउँपालिका सँग आवश्यक समन्वय गर्नु पर्नेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) उपभोक्ता समूहले वन उद्यमको विकास, वन पैदावारको बजारीकरण, पर्यापर्यटन विकास, सामुदायिक विकास आदि कार्यका लागि विभिन्न पक्षसँग आवश्यक सम्झौताहरु गर्न सक्नेछ ।

(६) उपभोक्ता समूहले आफनो वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन प्रत्येक साधारण सभाबाट पारित गर्नु पर्नेछ ।

१३.**सामुदायिक वनको अभिलेख अद्यावधिक गर्नेः** (१) वन सम्बन्धी प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा दर्ता भई वन व्यवस्थापन कार्ययोजना स्वीकृत भएका यस गाउँपालिकाको क्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूहको दर्ता अभिलेख सम्बन्धित वन कार्यालयले यस गाउँपालिकामा हस्तान्तरण गर्नु पर्नेछ ।

१४.**वन पैदावारको मूल्य निर्धारणः** सामुदायिक वन उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वनको संरक्षण, विकास, व्यवस्थापन, उपयोग र वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछन् ।

तर उपभोक्ता समूहले आफ्नो वन पैदावार समूह बाहिर व्यापारिक प्रयोजनका लागि विक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा संघीय वन नियमावलीमा निर्धारित मूल्य दरमा नघट्ने गरी न्यूनतम मूल्य कायम गर्नुपर्नेछ ।

१५.**सामुदायिक वनको काठ विक्री वितरणः** (१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि विक्री वितरण गरिने काठको रुख छपान, कटान, ओसारपसार, श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आब्हान, विक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरु वन सम्बन्धी संघीय तथा प्रदेश सरकारको कानून बमोजिम हुनेछ ।

१६.**वन व्यवस्थापन कार्ययोजना विपरित काम गर्नेलाई हुने सजायः** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले वन व्यवस्थापन कार्ययोजना विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहको कार्यसमितिले विधान र कार्ययोजना बमोजिम उपयुक्त सजाय गर्न सक्नेछ ।

(२) सामुदायिक वनको कार्ययोजना विपरितको कार्य गर्ने व्यक्तिलाई उपभोक्ता समूह आफैले कारवाही गर्न नसकेमा निजलाई कारवाही गर्नका लागि उपभोक्ता समूहले गाउँपालिकामा रहेको न्यायिक समिति वा सम्बन्धित वन कार्यालय समक्ष कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहको कार्यसमितिका पदाधिकारीहरुले समूहको हितका नाममा विधान र कार्ययोजना विपरित कार्य गरेमा त्यस्ता व्यक्तिलाई राष्ट्रिय वन कसुर गरे बमोजिमको सजाय हुनेछ ।

(४) उपभोक्ता समूहका सदस्य भन्दा बाहिरको कुनै व्यक्तिले सामुदायिक वनमा हानी-नोक्सानी गरेमा निजलाई राष्ट्रिय वनमा गरेको कसुर बमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले गाउँपालिकामा रहेको न्यायिक समिति वा वन कार्यालय समक्ष निवेदन गर्न सक्नेछ र निजलाई प्रचलित कानून बमोजिमको सजाय हुनेछ ।

१७.**धार्मिक वनको वन पैदावारको उपयोगः** धार्मिक वन क्षेत्रमा कुनै विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा संकलन भएको वन पैदावार वा प्राकृतिक विपत्ति वा अन्य कारणबाट धार्मिक वनमा भएको रुखहरु सुकेमा वा ढलेमा गाउँपालिका र अन्य सम्बद्ध समूहसँग समन्वय गरी डिभिजनल वन अधिकृतले त्यस्ता रुखहरु संकलन गरी आएका वन पैदावार मध्ये धार्मिक कार्यलाई आवश्यक पर्ने वन पैदावार सम्बन्धित धार्मिक निकायलाई हस्तान्तरण गरी बाँकी रहेको वन पैदावार प्रदेश ऐन बमोजिम बिक्री वितरण गर्न सक्नेछ ।

१८.**प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः** (१) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप र वर्तमान अवस्थाको संक्षिप्त विवरण, जैविक विविधता संरक्षण, पर्यापर्यटन र वन उद्यम विकासको अवस्था र उपलब्धी, कोषको आर्थिक विवरण र लेखा परीक्षण प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सोको एक प्रति सम्बन्धित वन कार्यालयमा पनि उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा गाउँपालिका र वन कार्यालयले सम्वन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछन् ।

## परिच्छेद-४

## वनमा आधारित पर्यापर्यटन, वन उद्यम विकास र वातावरणीय सेवा सम्बन्धी व्यवस्था

१९.**सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने :** (१) सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था भए बमोजिम वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाको समन्वयमा कार्ययोजना बनाई डिभिजनल वन अधिकृतबाट सो कार्ययोजना स्वीकृत गराउनु पर्नेछ ।

(३) सामुदायिक वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र सम्बन्धित वन कार्यालयले आवश्यक आर्थिक तथा प्राविधिक र अन्य प्रकारका सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(४) सामुदायिक वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले गाउँपालिका वा संघ संस्था वा निजी क्षेत्र वा सहकारीसँग सहकार्य र साझेदारी गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वन सम्बन्धी संघीय कानून विपरित नहुने गरी आपसी सम्झौता गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(६) उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनको लागि गरिबीको रेखा मुनिका उपभोक्ताको समूहलाई कार्ययोजना बनाई सामुदायिक वनको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी कबुलियती वनको रुपमा दिन सक्नेछ । त्यस्तो कार्ययोजना कार्यान्वयन गर्नु अगाडी गाउँपालिकाको सहमतिमा डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ ।

२०.**सामुदायिक घरवास (होम स्टे) सेवाः** (१) पर्यापर्यटन प्रवर्द्धन गर्ने गरी होमस्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले यस गाउँपालिकामा सामुदायिक होमस्टे तोकिए बमोजिमम दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

(२) सामुदायिक होमस्टे सञ्चालन सम्बन्धी कार्यविधिहरुको पालना गरी सञ्चालित सामुदायिक होमस्टेलाई स्वीकृत योजना अनुसार गाउँपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

२१.**वन उद्यमको विकासः** (१) यस गाउँपालिकामा रहेका सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनमा निर्धारित मापदण्डहरुको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन् ।

(२) यस गाउँपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, पारिवारिक निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन् ।

(३) सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यस्तो साझेदारी सम्बन्धी व्यवस्था यस ऐन र वन सम्बन्धी संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले यस गाउँपालिका, संघ संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछ ।

(४) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा यस गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२२. **जलाधार संरक्षणः** (१) यस गाउँपालिकामा भित्र रहेका राष्ट्रिय वन, प्रादेशिक वन तथा सामुदायिक वनसँग जोडिएका जलाधार क्षेत्रहरुको संरक्षण सम्बन्धी कार्यहरु सामुदायिक वन उपभोक्ता समूह मार्फत गर्न सकिनेछ ।

(२) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र सम्बन्धित वन कार्यालयले आवश्यक आर्थिक, प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) जलाधार क्षेत्रको संरक्षणका माध्यमबाट जलस्रोत संरक्षणमा उपभोक्ता समूहले पुर्याएको योगदान बापत जलस्रोत लगायतका स्रोत उपभोग गर्नेले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरु उपलब्ध गराउन सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमका कार्यहरुका लागि उपभोक्ता समूह र जलाधार संरक्षणबाट फाईदा पाउने पक्षका बीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

२३. **जैविक मार्गको संरक्षणः** (१) यस गाउँपालिकामा वन्यजन्तुको आवत-जावत गर्ने प्रदेश कानून बमोजिम निर्धारित जैविक मार्गको रुपमा रहेका वन क्षेत्रहरुको संरक्षण र सदुपयोग सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट गर्न सकिनेछ ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि यस गाउँपालिका र सम्बन्धित वन कार्यालयले थप सहयोग उपलब्ध गराउन सक्नेछ ।

२४. **सिमसार र तालतलैया क्षेत्र संरक्षणः** (१) राष्ट्रिय र प्रादेशिक वन सहितको कुनै वन क्षेत्र सिमसार र तालतलैया संघीय वा प्रदेश सरकारले गाउँपालिकासँगको समन्वय र सहकार्यमा संरक्षण गर्न चाहेमा सार्वजनिक सूचना प्रकाशन गरि चार किल्ला खुलाई त्यहाँ रहेका रुख बिरुवाको विवरण समेत तयार गरी सिमसार वा तालतलैया क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिमसार र तालतलैया क्षेत्रको संरक्षण कार्य स्वीकृत कार्ययोजना बमोजिम गाउँपालिकाको समन्वय र सहकार्यमा सञ्चालन गर्न सकिनेछ । तर संरक्षित सिमसार र तालतलैया क्षेत्रमा संरक्षण र व्यवस्थापन कार्य गर्दा रुख बिरुवा वा वन्यजन्तु नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न/गराउन हुँदैन ।

(३) सिमसार र तालतलैया संरक्षण र व्यवस्थापन योजना तर्जुमाका लागि डिभिजन वन कार्यालय र गाउँपालिकाले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(४) सिमसार र तालतलैया क्षेत्रको संरक्षण र व्यवस्थापन कार्य तोकिए बमोजिम उपभोक्ता समिति गठन गरी सञ्चालन गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिमको संरक्षण कार्य गर्न उपभोक्ता समूह गठन गर्ने र दर्ता गर्ने प्रकृया सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया बमोजिम नै हुनेछ ।

२५. **सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन सेवाः** (१) सामुदायिक वन उपभोक्ता समूह आफैले वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखानाको स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी कार्यहरु गर्न सक्नेछन् ।

(२) वन्यजन्तु पालन तथा प्रजनन पश्चात गरिने बिक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरु संघीय र प्रदेश कानूनमा निर्धारण भए बमोजिम हुनेछ ।

(३) सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी योजना तर्जुमा र सो को कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई गाउँपालिकाको समन्वयमा वन कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) गाउँपालिकाले छुट्टै चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन सेवा सञ्चालन गर्दा सामुदायिक वनसँग सहकार्य गर्न सक्नेछ ।

२६. **वातावरणीय सेवाः** (१) कार्वन सञ्चिति बाहेकका जलस्रोत संरक्षण, जैविक विविधता संरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन व्यवस्थापन योजना वा विशेष कार्ययोजनामा बनाई वातावरणीय सेवाको व्यवस्थापन र सदुपयोग गर्न सक्नेछन् ।

(२) वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा बिक्री गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदाय र वातावरणीय सेवा उपयोग गर्न चाहने पक्षका बीचमा सम्झौता गरी वातावरणीय सेवाको खरिद बिक्री गर्न सकिने छ ।

(३) वातावरणीय सेवाको आदान-प्रदान तथा खरिद बिक्रीबाट प्राप्त लाभको बाँडफाँड र सदुपयोग सम्बन्धी विषयहरु वातावरणीय सेवाको व्यवस्थापन योजना र आपसी सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

(४) वन क्षेत्रमा सञ्चित गरिने कार्वन सेवाको नियमन र लाभको बाँडफाँड सम्बन्धी व्यवस्था वन सम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

२७. **स्थानीय वातावरण संरक्षण योजनाः** (१) यस गाउँपालिकामा वातावरण संरक्षण र प्रदुषण नियन्त्रणका लागि आवश्यकता अनुसारका वातावरण संरक्षण योजनाको तर्जुमा गरी कार्यान्वियन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका वातावरण संरक्षण योजनाको कार्यान्विनका लागि उपभोक्ता समूह, पारिवारिक निजी क्षेत्र र सम्बन्धित संघ-संस्थासँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

२८. **जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलन योजनाः** (१) यस गाउँपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वियन गर्न सकिनेछ ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वियनका लागि यस गाउँपालिका र सम्बन्धित वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) जलवायु परिवर्तन न्यूनीकरणका लागि यस गाउँपालिकामा जलवायुमैत्री संरचनाको निर्माण, यातायातका साधनहरुबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न वन क्षेत्रको विकासका माध्यमबाट कार्वन उत्सर्जन न्यूनीकरणका कार्यहरु गर्न सकिनेछ ।

(४) वन विनास तथा वन क्षयीकरणको नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने सामुदायिक वन उपभोक्ता समूहलाई सो बापत प्राप्त हुने लाभ उपलब्ध गराउनका लागि गाउँपालिका र सम्बन्धित वन कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

२९. **धार्मिक तथा सांस्कृतिक महत्वका वन संरक्षणः** (१) यस गाउँपालिकामा रहेका धार्मिक तथा सांस्कृतिक महत्वका वन संरक्षण र सदुपयोगका लागि प्रचलित कानून बमोजिम स्थापीत कुनै धार्मिक निकाय, समूह वा समुदायलाई राष्ट्रिय वा प्रादेशिक वन क्षेत्र स्वीकृत कार्ययोजना बमोजिम संरक्षणका लागि डिभिजनल वन अधिकृतले जिम्मा दिन सक्नेछ।

(२) धार्मिक तथा सांस्कृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि गाउँपालिकाको समन्वयमा वन कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) धार्मिक वन क्षेत्रमा कुनै विकास आयोजना निर्माण तथा सञ्चालनका क्रममा संकलन भएका वन पैदावार वा कुनै प्राकृतिक विपत्ति वा अन्य कारणबाट धार्मिक वनमा भएका रुखहरु सुकेमा वा ढलेमा सम्बन्धित धार्मिक निकाय, संस्था, समूह र गाउँपालिकासँगको समन्वयमा डिभिजनल वन अधिकृतले त्यस्ता रुखहरु संकलन गरी आएका वन पैदावारहरु मध्ये धार्मिक कार्यलाई आवश्यक पर्ने वन पैदावार सम्बन्धित धार्मिक निकायलाई हस्तान्तरण गरी बाँकी रहेको वन पैदावार तोकिए बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

३०. **वन स्रोतमाथिको परम्परागत ज्ञानको संरक्षणः** (१) यस गाउँपालिकामा वन व्यवस्थापन गर्दा वन श्रोत माथि आदिवासी जनजाति, दलित र वनसँग प्रत्यक्ष सम्बन्धित समुदाय र महिलाको अधिकार संरक्षण गर्नुपर्नेछ ।

(२) वन सम्बन्धी कुनै पनि कार्यहरु गर्दा र वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको रैथाने तथा परम्परागत ज्ञान र प्रथा जनित अभ्यासको पूर्ण सम्मान र संरक्षण गर्नुपर्नेछ ।

(३) वन व्यवस्थापन गर्दा र वन श्रोत परिचालन गर्दा वनमा आश्रित व्यक्ति, समुदाय र समुहको जीविकोपार्जनको अधिकारबाट कसैलाई पनि बञ्चित गर्न पाइने छैन ।

(४) यस गाउँपालिकामा रहेका आदिवासी जनजाति, मधेसी र स्थानीय समुदायले वन, जैविक विविधता, आनुवंशिक स्रोत तथा प्राकृतिक स्रोतसँग सम्बन्धित आफ्ना परम्परागत ज्ञानको बारेमा सामुदायिक आलेख तयार गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम सामुदायिक आलेख बनाउन चाहने आदिवासी जनजाति, मधेसी र स्थानीय समुदायलाई यस गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(६) आदिवासी जनजाति, मधेसी र स्थानीय समुदायले उपदफा (४) बमोजिम तयार गरेको सामुदायिक आलेखलाई अभिलेखित गराउन चाहेमा यस गाउँपालिकामा सोको विवरण सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-५
## संरक्षण क्षेत्र र मध्यवर्ति क्षेत्रको व्यवस्थापन

३१. **संरक्षण क्षेत्रको वन व्यवस्थापनः** यस गाउँपालिकामा पर्ने संरक्षण क्षेत्रभित्र रहेको सबै वन क्षेत्र यसै ऐन बमोजिम सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ ।

३२. **मध्यवर्ति क्षेत्रको वन व्यवस्थापनः** यस गाउँपालिकामा पर्ने मध्यवर्ति क्षेत्र भित्र रहेको सबै वन क्षेत्र यसै ऐन बमोजिम सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद-६
## पारिवारीक निजी तथा सार्वजनिक जग्गामा वन व्यवस्थापन सम्बन्धी व्यवस्था

३३. **पारिवारीक निजी वन दर्ता:** (१) पारिवारीक निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा स्थलगत अध्ययन समेत गरी आवश्यक जाँचबुझको प्रतिवेदन गाउँकार्यपालिकामा पेश गरी गाउँ कार्यपालिकाको स्वीकृतमा तोकिए बमोजिम शुल्क लिई पारिवारिक निजी वन दर्ता गरी प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पारिवारिक निजी वन दर्ता गरेको जानकारी गाउँपालिकाले सम्बन्धित डिभिजनसव डिभिजन वन कार्यालयलाई गराउनु पर्नेछ।

३४. **पारिवारीक नीजि वनको व्यवस्थापन:** (१) पारिवारिक नीजि वन धनीले नीजि वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) पारिवारीक निजी वन धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) व्यावसायिक प्रयोजनको लागि पारिवारिक निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक प्रयोजनको लागि अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(५) घरायसी प्रयोजनको लागि यसै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन जिल्लाबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(६) पारिवारीक निजी वनको धनीलाई यस स्थानीय तहबाट पारित कार्यक्रम अनुसारका सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

(७) कुनै पारिवारिक निजी वनवालाले स्थानीय तह र संघीय मापदण्डको अधीनमा रही कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन समेत गर्न सक्नेछ ।

(८) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राख्न वैंकलाई सिफारिस गर्ने र आवश्यक सहजीकरण गर्न सकिनेछ ।

(९) पारिवारिक निजी वनका किसानहरुलाई कृषि वन लगाउन प्रोत्साहन गरिनेछ ।

(१०) वनमा आधारित उधोगहरु स्थापना गर्न चाहने पारिवारिक निजीलाई गाउँपालिकाले अनुमति दिन सक्नेछ ।

(११) पारिवारिक निजि वन दैवी प्रकोप भएर नष्ट भएमा बीमा क्षतीपूर्तीका लागि गाउँपालिकाले आवश्यक समन्वय गर्न सक्नेछ ।

(१२) पारिवारिक निजी वनमा परीक्षण गरिएका विरुवा र छिटो छरितो हुर्कने प्रकृतिका विरुवा वृक्षारोपण गर्न प्रोत्साहन गर्नु पर्नेछ।

(१३) पारिवारिक निजीको रुपमा वन दर्ता भएका वनको संरक्षण, सम्वर्द्धन, उपयोग एवम व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मुल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी गाउँपालिकाले दर्ता प्रमाणपत्र दिने सक्नेछ ।

(१४) पारिवारिक निजी वनलाई गाउँपालिकाले आवश्यक प्राविधिक एवम अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(१५) पारिवारिक निजी वन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५.**सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था:** (१) गाउँपालिकाले संघीय वन कानूनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सबडिभिजन वन कार्यालयले गाउँपालिकालाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनुपर्नेछ ।

(३) सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुख र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुख संघीय वन कानूनमा निर्धारित कार्यविधि पूरा गरी काट्न वा हटाउन सकिनेछ ।

३६.**सहरी वनको विकास र व्यवस्थापन:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार गाउँपालिकाले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ।

३७.**बेवारिसे काठबाट प्राप्त लाभको बाँडफाँडः** प्रदेश सरकारले संघीय वन कानून बमोजिम गाउँपालिका क्षेत्रबाट संकलित वेवारिस काठबाट प्राप्त लाभको २५ प्रतिशत रकम यस गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

३८.**वृक्षारोपण कार्यक्रम सञ्चालनः** (१) गाउँपालिकाले आफ्नो वा सामुदायिक वन वा डिभिजन/सव-डिभिजन कार्यालयको स्वामित्वमा रहने गरी गाउँपालिका स्तरीय नर्सरी स्थापना गर्न सक्नेछ ।

(२) यस गाउँपालिकाको वडा वा सहकारी संस्थाको स्वामित्वमा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा सामुदायिक वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रणाली मैत्री व्यवसायिक विरुवाहरुको उत्पादन र विक्री वितरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(४) किसान तथा पारिवारीक निजी वनलाई नि:शुल्क वा न्यूनतम शुल्कमा विरुवा उपलब्ध गराउनका लागि यस गाउँपालिका र वन कार्यालयबाट अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-७
## अपराध तथा दण्ड सजाय र कसुरको जाँचबुझ र कार्यविधि

३९.**अपराध तथा दण्ड सजायः** गाउँपालिकाको क्षेत्रभित्र हुने वन तथा वातावरण सम्बन्धी अपराधमा गरिने दण्ड सजाय वन तथा वातावरण सम्बन्धी संघीय कानून लागू हुनेछ ।

४०.**कसुरको जाँचबुझ र कार्यविधिः** गाउँपालिका क्षेत्रभित्र हुने वन तथा वातावरण सम्बन्धी कसुरको जाँचबुझ र कार्यविधिका सम्बन्धमा वन तथा वातावरण सम्बन्धी संघीय कानून लागु हुनेछ ।

## परिच्छेद-८
## स्थानीय तहको वन सम्बन्धी संस्थागत संरचना

४१.**प्रदेश सरकारको भूमिकाः** यो ऐन कार्यान्वियनका लागि प्रदेश सरकारले आवश्यक सहयोग र स्रोत साधान उपलब्ध गराउन सक्नेछ ।

४२.**वन सम्बन्धी विषयगत समितिः** यस गाउँपालिकाले वन सम्बन्धी विषयमा काम गर्नका लागि निर्वाचित सदस्यहरु मध्येबाट विषयगत समिति गठन गर्न सक्नेछ र उक्त समितिको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेगरी समिति आफैले तय गर्न सक्नेछ ।

४३.**वन व्यवस्थापनमा गाउँपालिकाको अन्य भूमिका र अधिकारः** (१) यस गाउँपालिकाकाले वन तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन, विशेष महत्वका वनको संरक्षण, वन्यजन्तुको संरक्षण र मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, वातावरण तथा जैविक विविधताको संरक्षण लगायत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२), (ञ) र दफा ११(४), (ङ) मा उल्लेखित वन सम्बन्धी कार्य गर्नका लागि आवश्यक योजना तथा कार्यक्रमको तर्जुमा गरी बजेटको व्यवस्था गर्न सक्नेछ ।

(२) गाउँपालिकाले यस ऐनमा भएका सवै प्रकारका वनको अनुगमन र नियमन गर्न सम्बन्धित वन कार्यालयलाई निर्देशन दिने र त्यस्ता निर्देशनको कार्यान्वयन गराउनु पर्नेछ ।

(३) गाउँपालिकाले अनुगमन र नियमन सम्बन्धी नीति, कार्यविधि वा निर्देशिका तयार गरी लागू गर्न सक्नेछ ।

## परिच्छेद-९
## वन अधिकार संरक्षण परिषद् गठन

४४.**वन अधिकार संरक्षण परिषदः** (१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हकहितका सम्बन्धमा गाउँपालिकालाई सुझाब दिनको लागी एक वन अधिकार संरक्षण परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहनेछन् ।

(क) कानेपोखरी गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) कानेपोखरी गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) वन तथा वातावरण समितिको प्रतिनिधि एक जना - सदस्य

(घ) गाउँपालिका अध्यक्षद्वारा मनोनित गाउँसभा सदस्य दुई जना - सदस्य

(ङ) सामुदायिक वन उपभोक्ता महासंघ प्रतिनिधि दुई जना - सदस्य

(च) पारिवारिक निजीवनको प्रतिनिधि एक जना - सदस्य

(छ) राष्ट्रिय मान्यता प्राप्त दलका प्रमुख वा प्रतिनिधि - सदस्य

(ज) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(झ) डिभिजन/सव-डिभिजन वन कार्यालय प्रमुख - सदस्य

(ञ) वन भएका क्षेत्र/वडाका वडा अध्यक्षहरु - सदस्य

(ट) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गर्नेको व्यक्ति मध्येबाट कानेपोखरी गाउँ कार्यपालिकाले मनोनित कम्तिमा तीन महिला सहित पाँच जना प्रतिनिधि - सदस्य

(ठ) गाउँपालिका अध्यक्षले तोकेको अधिकृत वा वन वातावरण शाखाको प्रमुख - सदस्य सचिव

(३) गाउँपालिकाले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्ड तथा क्षेत्रहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको सबल प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ । उपदफा (२) बमोजिम गठन हुने वन परिषद्मा महिलाको सहभागिता न्यूनतम २५ (पच्चीस) प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि ४ (चार) वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनित हुन सक्नेछन् ।

(५) परिषद्ले परिषद्को काम कारवाहीलाई व्यवस्थित गर्ने प्रयोजनको लागी स्नातक उपाधि हासिल गरी वन, वातावरण वा वनको क्षेत्रमा अनुभव प्राप्त व्यक्तिलाई सदस्य सचिवको रूपमा नियुक्त गर्नसक्नेछ । सदस्य सचिवको कार्य अवधि ४ (चार) बर्षको हुनेछ । सदस्य सचिवको काम, कर्तव्य र अधिकार नियमावली, निर्देशिका वा कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(६) परिषद्का पदाधिकारीहरु र कर्मचारीले स्थानीय सरकारले तोकि दिए बमोजिमको सेवा, सुविधा र भत्ता पाउनेछन् ।

**४५. परिषद्को काम, कर्तव्य र अधिकारः-**

(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जङ्गल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वन क्षेत्रबाट आश्रित एवम् लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकारका विषयहरुमा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकालाई सुझाव दिने ।

(ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जङ्गल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वन क्षेत्रबाट आश्रित एवम् लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकारका सम्बन्धमा जानकारी गराउने कार्यक्रम र सूचनाहरू प्रचार-प्रसार गर्ने, गराउने ।

(ग) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने ।

(घ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ङ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्न वा नयाँ नीति बनाउने सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने ।

(च) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वन क्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकारहरूको अनुगमन गर्ने, गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाव दिने ।

(ज) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वन क्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(झ) परम्परागत रुपमा संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दा आएका स्थानीय समुदायका वन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(ञ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक रुपमा प्राप्त हुने वन पैदावारलाई सर्वसुलभ बनाउनका लागि डिपो स्थापना गर्ने ।

(ट) अन्तर स्थानीय सरकारका बीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ठ) समुदायद्वारा संचालित कार्यक्रमहरु अनुगमन, निरिक्षण तथा पृष्ठपोषण गर्ने ।

(ड) समुदायको आन्तरिक सुशासनको लागि आवश्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने ।

(ढ) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने ।

४६. **परिषद्को बैठक सम्बन्धी कार्यविधिः** (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५० (पचास) प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषदको निर्णय परिषद्को अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४७. **जाँचबुझ र निरीक्षण गर्न सक्नेः** (१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकुल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वन अधिकार संरक्षण परिषद् आफै वा परिषद्ले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समूह, सगंठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्न लागि परिषद्ले स्थानीय सरकारलाई सिफारिस गर्न सक्नेछ ।

(३) वन अधिकार संरक्षण परिषदको निर्णय निर्देशन पालना गर्नु सम्बन्धित वन उपभोक्ता समुह वा वनसँग सम्बन्धित संघ/संस्था कम्पनी आदिको कर्तव्य हुनेछ ।

(४) वन अधिकार संरक्षण परिषद्को निर्णय वा निर्देशन पालना नगर्ने सामूदायिक वन उपभोक्ता समूह वा वनसँग सम्बन्धित संघ-संस्था, कम्पनीलाई प्रचलित कानून अनुसार कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनेछ । गाउँपालिकाले स्थानीय ऐन, नियममा भएको व्यवस्था अनुसार कारवाही गर्न सक्नेछ ।

## परिच्छेद-१०
## विविध

४८. **वन क्षेत्रमा प्रवेश नियमनः** (१) वन संरक्षणको दृष्टिकोणले आवश्यक देखिएमा सम्बन्धित वन उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित् वन क्षेत्रमा केही समयका लागि प्रवेश नियन्त्रण गर्न सक्नेछ ।

(२) वन उपभोक्ता समूहलाई हस्तान्तरण नभएको वन क्षेत्रमा केही समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सो सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ र वन कार्यालयले वन क्षेत्रमा प्रवेश निषेधसम्बन्धी निर्णय गर्दा यस गाउँ कार्यपालिकासँग समन्वय गर्नु पर्नेछ ।

४९. **वन पैदावारको आपूर्तिः** यस गाउँपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, दाह संस्कार, विपन्न वर्गको घरकाज निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा सम्बन्धित वन उपभोक्ता समूहलाई न्यूनतम शुल्क लिई यी प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्न निर्देशन दिन सक्नेछ ।

५०. **अन्तरस्थानीय तहमा फैलिएको वन व्यवस्थापनः** यस गाउँपालिका र अन्य छिमेकी गाउँपालिका बीच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तरस्थानीय वन समन्वय समिति गठन गरी सामुदायिक वन उपभोक्ता समूहलाई त्यस्ता वनहरुको व्यवस्थापनका लागि सहजीकरण गरिने छ ।

५१. **वनसम्बन्धी अध्ययन अनुसन्धानः** यस गाउँपालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुऱ्याउने योजना तर्जुमा गर्न सक्नेछ ।

५२. **वनजन्य बीउको उत्पादनः** वन बीउको उत्पादन, विक्री वितरण र निर्यातका लागि यस गाउँपालिकामा पाइने वन पैदावारका बीउहरुको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी पारिवारिक निजी वन र सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध गराउन सकिने छ ।

५३.**प्रतिवन्ध सम्बन्धी व्यवस्थाः** जैविक विविधता र वातावरण संरक्षणका लागि वन पैदावारको संकलन, कटान, उपयोग, ओसार-पसार, बिक्री वितरण र निर्यातमा प्रतिबन्ध लगाउने सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

५४.**पुरस्कार सम्बन्धी व्यवस्थाः** वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संस्था वा समुदायलाई यस गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

५५.**अधिकार प्रत्यायोजनः** गाउँपालिका अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५६.**नियम, निर्देशिका, कार्यविधि, मार्गदर्शन र मापदण्ड बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि यस गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि, मार्गदर्शन र मापदण्ड बनाउन सक्नेछ ।

५७.**बाँझिएको हकमाः** यस ऐन वा ऐनमा गरिएका व्यवस्था र संघीय र प्रदेश कानूनमा गरिएका व्यवस्थाहरु बाँझिएमा बाँझिएको हदसम्म प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

**आज्ञाले**
**गायत्र श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**